# गौरीगञ्ज राजपत्र

## गौरीगञ्ज गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ३ मिति : ३१ असार, २०८१ साल

गौरीगञ्ज गाउँपालिका

### भाग- १

**गौरीगञ्ज गाउँपालिकाको सूचना**

**गौरीगञ्ज गाउँपालिकाले बनाएको**
**तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि**
**प्रकाशन गरिएको छ ।**

# गौरीगञ्ज गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५

(पहिलो संशोधन, २०८१)

**(गाउँसभाबाट स्वीकृत मिति : २०८१/०३/२७)**

गौरीगञ्ज गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ का केही प्रावधान संशोधन गर्न वान्छनीय भएकोले,

गौरीगञ्ज गाउँपालिका गाउँसभाको १५औं अधिवेशनद्धारा यो ऐन संशोधन गरिएको छ ।

**संशोधित व्यहोरा :**

**ऐनको दफा १६ को उपदफा (१) मा निम्नानुसार थप गरिएको :**

(क.१) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ख.१) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुनेगरी गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको १ जना- सदस्य

**ऐनको दफा २४ (१) लाई हटाई निम्नानुसार संसोधन गरिएको :**

**(२४) शिक्षक छनौट समिति सम्बन्धी व्यवस्थाः-** (१) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा रिक्त शिक्षक, बाल विकास शिक्षक, सट्टा-शिक्षक तथा कर्मचारी पदमा अस्थायी/करार शिक्षक छनौट गरी नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्न देहायबमोजिमको शिक्षक छनौट समिति रहनेछ :-

(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- संयोजक

(ख) गाउँपालिकाको शिक्षा अधिकृत- सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिले तोकेको शिक्षा विकास तथा समन्वय एकाइद्धारा प्रकाशित विज्ञ सूचीमा रहेको सम्बन्धित विषयको विज्ञ २ जना- सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक- सदस्य-सचिव

(१.१) उपदफा (१) बमोजिमको समितिले विद्यालयमा रिक्त पदमा तोकिएको पाठ्यक्रममा आधारित भएर परीक्षा सञ्चालन गरी सफल उम्मेदवारलाई करार नियुक्तिका लागि सम्वन्धित विद्यालय व्यवस्थापन समितिसमक्ष सिफारिस गर्नुपर्नेछ।



गौरीगञ्ज गाउँपालिका

(१.२) विद्यालयमा कुनै पदको शिक्षक रिक्त भएमा शिक्षक सेवा आयोगबाट अस्थायी योग्यताक्रम सूचीमा रहेका व्यक्तिहरुका लागि मात्र आवेदन आह्वान गर्नुपर्नेछ। यसरी आवेदन गर्दा प्राप्त भएका आवेदनहरुमध्ये सर्वैभन्दा माथिल्लो योग्यताक्रमको आवेदकलाई छनौट समितिले सम्बन्धित विद्यालय व्यवस्थापन समितिसमक्ष करार नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ ।

(१.३) उपदफा (१.२) अनुसार आवेदन नपरेमा थप ७ दिनको खुल्ला विज्ञापन गरी उपदफा (१) बमोजिमको समितिले परीक्षा सञ्चालन गरी सफल उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ। यसरी सिफारिस गरिएको उम्मेद्धवारलाई विद्यालय व्यवस्थापन समितिले करार सम्झौता गरी नियुक्ति-पत्र दिनुपर्नेछ ।

(१.४) शिक्षक छनौटसम्बन्धी कार्य गर्दा शिक्षक सेवा आयोगबाट निर्धारित पाठ्यक्रम र मापदण्डलाई पालना गर्नुपर्नेछ।

**ऐनको दफा २४ को उपदफा (२) झिकिएको ।**

आज्ञाले,
खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

गौरीगञ्ज गाउँपालिका